अनुसूची-१

# लगानी सम्बन्धी सूचना

यस बैंकको विभिन्न कोषहरुमा रहेको रकम लगानी गर्नु पर्ने भएकोले यस बैंकबाट इजाजतपत्र प्राप्त देहाय बमोजिमका शर्तहरु पुरा गरेका बैंक तथा वित्तीय संस्थाबाट देहाय बमोजिमको सीमाभित्र रही आफूले लिन चाहेको रकम तथा उक्त रकम लिनका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यसै साथ संलग्न अनुसूची बमोजिमको फाराम भरी उक्त फारामलाई pdf format मा Scan गरी Password Protect गरेर कुल लगानीयोग्य रकम मध्ये मिति **२०७९ माघ २ गते देखि २०८० माघ १ गते (तद्नुसार जनवरी १६, २०२३ देखि जनवरी १५, २०२४)** सम्म **३६५** दिनको मुद्दती निक्षेपको रुपमा लिन चाहेको रकम खुलाई यस बैंकमा मिति २०७९/०९/२० गते राती १२:०० बजेभित्र **fmdinvestment@nrb.org.np** मा प्राप्त हुने गरी ब्याजदर प्रस्ताव गर्न आह्वान गरिएको छ । साथै, उक्त File को Password मिति २०७९/०९/२१ गतेका दिन राती १२:०० बजे भित्र सोही इमेलमा जानकारी गराउन समेत अनुरोध छ ।

| संस्थाहरु | रकम (रु. लाखमा) |
|---|---|
| "क" वर्गका वाणिज्य बैंकहरुमा | २१,२६।०० |
| "ख" वर्गका राष्ट्रियस्तरका विकास बैंकहरुमा | ३,९९।०० |
| "ग" वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीहरुमा | १,३३।०० |
| **कुल रकम** | **२६,५८।००** |

**शर्तहरु :**

(क) बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम रहेको ।

(ख) कर्जा निक्षेपको अनुपात बैंकबाट तोकिएको सीमाभित्र रहेको ।

(ग) निष्कृय कर्जा (एन.पी.ए) कुल कर्जा सापटको **पाँच प्रतिशत** भन्दा कम भएको ।

(घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा **बीस प्रतिशत** वा सो भन्दा बढी रहेको ।

(ङ) आ.व. २०७८/०७९ मा सञ्चालन मुनाफामा (व्यवस्था पछिको) रहेको ।

(च) रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको ।

(छ) लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई यस बैंकले जरीवाना गरेको अवस्थामा त्यस्तो जरीवाना गरिएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालक उक्त संस्थामा कायम नरहेको ।

(ज) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए, फुकुवा भएको कम्तीमा छ महिना पुरा भएको ।

(झ) बैंक तथा वित्तीय संस्था **नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६** बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको छ महिना अवधि पुरा भएको ।

(ञ) सर्वसाधारणको लागि छुट्याईएको शेयर जारी गरिसकेको ।

(ट) प्रस्ताव पेश गरेको ब्याजदर माथि उल्लिखित लगानी गरिने मितिसम्म मान्य हुनेछ । त्यस बैंक/वित्तीय संस्थाको ब्याजदर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर पारेको मानिने छैन ।

(ठ) प्रस्ताव पेश गर्दा E-mail को Subject तथा Filename मा "FMD Fund FD Proposal_Bank Code" भनी उल्लेख गर्नु पर्नेछ । साथै Password पठाउँदा E-mail को Subject मा " FMD Fund FD Proposal Password_Bank Code" भनी उल्लेख गर्नु पर्नेछ । Bank Code मा सम्बन्धित संस्थाको नेपाल स्टक एक्सचेन्जमा लिस्टिङ्ग बमोजिमको Stock Symbol राख्नु पर्नेछ । संस्थाको आधिकारीक E-mail मार्फत प्राप्त प्रस्तावलाई मात्र मान्यता दिइनेछ । जस्तै: Gmail.com, Hotmail.com, Yahoo.com आदि मार्फत प्राप्त E-mail लाई मान्यता दिइने छैन ।

(ड) प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा Password Protected हुनु पर्नेछ । Password नराखेको प्रस्तावलाई मान्यता दिइने छैन ।

(ढ) रकम र ब्याजदर फरक पर्ने गरी प्रस्तावकले एक पटक भन्दा बढी प्रस्ताव गरेमा उक्त बैंक तथा वित्तीय संस्थाले पेश गरेको सबै प्रस्तावहरु रद्द गरिने छ । तर एउटै प्रस्ताव एक पटक भन्दा बढी प्राप्त भएमा उक्त प्रस्तावलाई मान्यता दिइने छ ।

(ण) तोकिएको मिति र समय भित्र प्रस्ताव फाइल पेश गर्नु पर्नेछ । उक्त मिति र समय पश्चात प्राप्त हुने प्रस्तावलाई मान्यता दिइने छैन तर प्रस्ताव पेश गर्न तोकिएको अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो बिदा पछिको पहिलो कार्यदिनलाई प्रस्ताव पेश गर्ने अन्तिम मिति र दोस्रो कार्यदिनलाई पासवर्ड पठाउने अन्तिम मिति मानिने छ । यदि पासवर्ड पठाउने मितिमा सार्वजनिक बिदा पर्न गएमा बिदा पछिको पहिलो कार्यदिनलाई पासवर्ड पठाउने मितिको रुपमा मानिने छ ।

(त) तोकिएको मिति र समय भित्र उक्त प्रस्ताव फाइलको Password पेश गर्नुपर्नेछ । उक्त मिति र समय अगाडि वा पछाडि पेश गरेको Password लाई मान्यता दिइने छैन ।

**मिति : २०७९/०९/१४**

**नेपाल राष्ट्र बैंक**
**वित्त व्यवस्थापन विभाग**
**बालुवाटार, काठमाण्डौ ।**
**सम्पर्क नं : ४४१९८०४/५/७**
**एक्सटेन्सन नं : २५४/२९५**

नेपाल राष्ट्र बैंक
स्था. २०१३ वि.सं.
केन्द्रीय कार्यालय
वित्त व्यवस्थापन विभाग

अनुसूची - २

मिति :

श्रीमान् कार्यकारी निर्देशकज्यू
नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग ।

बिषयः- विभिन्न कोषमा लगानी सम्बन्धी दरभाउ पत्र पेश गरेको बारे ।

महोदय,

त्यस बैंकको विभिन्न कोषहरुमा रहेको रकम बैंक तथा वित्तीय संस्थाहरुमा लगानी गर्ने सम्बन्धमा तहाँबाट मिति -------------मा भएको आह्वान बमोजिम तपसिलमा उल्लिखित सबै शर्तहरु यस बैंक/ विकास बैंक/ वित्तीय संस्थाले पुरा गरेको घोषणा गर्दै देहाय बमोजिमको तालिकामा उल्लेख भए अनुसारको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन ईच्छुक भएकोले उक्त प्रयोजनका लागि यो प्रस्ताव पेश गरेका छौं ।

| क्र.सं | प्रस्तावको किसिम | प्रस्तावित ब्याजदर (त्रैमासिक भुक्तानी) | अबधि | लिन चाहेको रकम ( लाखमा ) | |
|---|---|---|---|---|---|
| | | | | न्यूनतम | अधिकतम |
| १. | नयाँ लगानी | | ३६५ दिन | रु. ५० | रु. |

यस ........................................................को २०७९ ........... महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ ।

| क्र.सं | वित्तीय बिवरण | वित्तीय सूचकांक |
|---|---|---|
| १ | पूँजीकोष % | |
| २ | कर्जा निक्षेप अनुपात % | |
| ३ | निष्कृय कर्जा (एन.पी.ए) % | |
| ४ | खुद तरल सम्पत्ति /स्वदेशी निक्षेपको % | |
| ५ | रियल स्टेट कर्जा/ कुल कर्जा % | |
| ६ | सर्वसाधारणको कुल निक्षेप (रु.) | |
| ७ | चुक्ता पूँजी (रु.) | |
| ८ | निकटतम अघिल्लो आ.व.को सञ्चालन मुनाफा (व्यवस्था पछिको ) (रु.) | |
| ९ | नेपाल राष्ट्र बैंकको बैंकिङ विभागमा रहेको खाता नं. | |
| १० | बैंकको १ वर्षे मुद्दती निक्षेपको हालको प्रकाशित ब्याजदर | |
| ११ | संस्थाको आधिकारिक इमेल ठेगाना | |

संस्थाको आधिकारीक पदाधिकारीको

दस्तखतः-.................................

संस्थाको नाम :-

नामः-......................

संस्थाको ठेगाना :-

पदः-........................ सम्पर्क नं.(मोबाइल)

संस्थाको छाप :

फ्याक्स नं :-

नोट : लगानीसँग सम्बन्धित आधिकारीक सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नम्बर यस फारमको अन्त्यमा अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ ।